# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

## National Natural Resources and Fiscal Commission

प. स:

च. नं. / Ref:

# प्रेस विज्ञप्ति

आज मिति २०७६ पुस ७ गते सोमबारका दिन सुदुरपश्चिम प्रदेशका माननीय प्रदेश प्रमुख श्री सर्मिला कुमारी पन्तज्यू समक्ष राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका माननीय अध्यक्ष श्री बालानन्द पौडेलज्यूले आयोगको सुदुरपश्चिम प्रदेशसँग सम्बन्धित प्रथम बार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो।

उक्त अवसरमा माननीय प्रदेश प्रमुखज्यूबाट आयोगलाई धन्यवाद व्यक्त गर्दै प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देश गर्ने कुरा व्यक्त गर्नुभयो।

सो अवसरमा आयोगका माननीय अध्यक्षज्यूले प्रतिवेदनको संक्षिप्त प्रस्तुतीकरण गर्दै आयोगबाट गरिएका सिफारिसहरुबारे प्रकाश पार्नुभयो। परस्पर सहयोगमा आधारित सङ्घीयताको अवधारणा अनुसार सबैसँग सहकार्य र समन्वय गर्दै अगाडि बढ्न सकेमा संविधानमा उल्लिखित भावना बमोजिम देशमा उपलब्ध स्रोत साधन र वित्तको समन्यायिक वितरण भई सङ्घीयताको कार्यान्वयनमा सघाउ पुग्न जाने विश्वास व्यक्त गर्नुभयो।

प्रतिवेदनमा आयोगको कार्यालय स्थापना भएदेखि २०७६ साल असार मसान्तसम्म सम्पादन गरिएका कार्यहरूलाई समेटेर तयार पारिएको छ। उक्त प्रतिवेदनमा प्रदेश सरकारबाट भएका राजस्व बाँडफाँड, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड, सवारी साधन कर बाँडफाँड तथा प्रदेश र स्थानीय सरकारलाई आन्तरिक ऋणको सीमा सम्बन्धमा गरिएका सिफारिसहरू समावेश गरिएका छन्।

पुस ७, २०७६

(किशोर जङ्ग कार्की)

प्रवक्ता

सिंहदरबार, काठमाडौं, नेपाल, फोन नं. + ९७७-१-४२००५९२, फ्याक्स: + ९७७-१-४२००५९३
Singh Durbar, Kathmandu, Nepal, Tel: +977-1-4200592, Fax: +977-1-4200593
E-mail: info@nnrfc.gov.np, Website: www.nnrfc.gov.np